सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना
(व्यक्तिगत घटना दर्ता सप्ताह एवम् घटना दर्ता शिविर)

# दर्ता शिविर प्रतिवेदन-२०८०

राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभाग
सेवा ईकाइ
बरेङ गाउँपालिका
हुग्दिशिर, बागलुङ
गण्डकी प्रदेश, नेपाल

# सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुद्ढीकरण आयोजना
# (व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा दर्ता शिविर)

राज्यमा बसोबास गर्ने प्रत्येक व्यक्तिका महत्वपूर्ण व्यक्तिगत घटनाहरुलाई आधिकारिक रुपमा रेकर्ड राख्नुलाई व्यक्तिगत घटनादर्ता भनिन्छ । कस्ता कार्यलाई घटना मान्ने भन्ने विषयमा देशको आवश्यक्ताअनुसार फरक पर्ने सन्दर्भमा हाम्रो देशमा भने जन्म, मृत्यु, विवाह, बसाईंसराई र सम्बन्धविच्छेद गरी पाँच किसिमका घटनाहरुलाई लिइन्छ । यसअन्तर्गत सम्बन्धित कार्यालयहरुले रेकर्ड राख्ने, भण्डारण गर्ने, उपयोग तथा वितरणसम्बन्धी कार्यहरु गर्दछन् ।

नेपालमा व्यक्तिगत घटना दर्ता सम्बन्धमा "जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३" आएपछि २०३४ बैशाख १ गतेदेखि १० जिल्लाबाट शुरु गरी १७ चरणमा विस्तार गरिंदै २०४७ बैशाख १ बाट नेपालभर लागू भएको हो । UNESCAP सँग नेपालले गरेको प्रतिबद्धताअनुसार सन् २०२४ सम्म सम्पूर्ण नेपाली नागरिकहरुको जन्मदर्ता शतप्रतिशत पुऱ्याउनु पर्ने र अन्य व्यक्तिगत घटनादर्तामा समेत उल्लेख्य बृद्धि गर्नुपर्ने भएकोले सोहि लक्ष्य हासिल गर्नेतर्फ विभाग क्रियाशील छ । घटनादर्ता कार्यक्रम विभागको सक्रियतामा स्थानीय तहहरुमार्फत MIS Online मा आधारित गर्ने कार्यक्रम विस्तारित छ जसले चालिस प्रतिशतभन्दा बढी जनसंख्या ओगटेको छ । माथि उल्लेखित ऐनको साथसाथै "जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) नियमावली, २०३४" कार्यान्वयनमा छ ।

मानिस सक्रिय जीवन यापन गरिरहेका बेलामा होस् या असक्त अवस्थामा होस उसका आधारभूत मानवीय आवश्यकताहरु पूरा हुने सुनिश्चितता हुनु नै सामाजिक सुरक्षा हो । त्यसैले सामाजिक सुरक्षा अत्यन्त बृहत अवधारणा हो । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागबाट वितरण भैरहेको सामाजिक सुरक्षा भत्ता "सामाजिक सहयोग" अन्तर्गत "नगद प्रवाह" कार्यक्रम हो । लाभग्राहीले यस्तो भत्ता रकम बुझेकोमा कुनै पनि दायित्व बहन गर्नु नपर्ने भएकाले यो निःशर्त अनुदानको रुपमा रहेको छ । यस किसिमबाट प्रदान गरिंदै आएको सामाजिक सुरक्षा भत्ता देशैभरिका विभिन्न वर्गका लाभग्राही समूहहरुलाई धनी–गरीब, विशेष क्षेत्र आदिमा लक्षित नगरी समान रुपमा लागू गरिएकोले यो बढी सर्वव्यापी (Universal) प्रकृतिको छ । तर बालपोषण भत्ता भने आंशिक रुपमा गरिब लक्षित(Poverty targeting) गर्न खोजिएको छ । हाल नेपाल सरकारले देशभर मुख्य सातवटा लक्षित समुहहरुलाई विभिन्न दरमा भत्ता वितरण गरिरहेको छ । बृद्ध, दलित, अपाङ्ग, लोपोन्मुख, विधवा, एकल महिला र दलित तथा पिछडिएका क्षेत्रका बालबालिका जस्ता उच्च जोखिममा रहनसक्ने समुह प्रत्यक्ष लाभान्वित हुने कार्यक्रम भएकोले यो नेपाल सरकारको अत्यन्त लोकप्रिय कार्यक्रम पनि हो । वर्तमानसन्दर्भमा गृह मन्त्रालय अन्र्तगत राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले यसको कार्य जिम्मेवारी सम्हाल्दै आएको छ ।

भत्ता वितरण कार्यलाई सरल र पारदर्शी बनाउन अनलाइन प्रविधि र बैंकिङ्ग प्रणालीमार्फत वितरण गर्नेकार्य अघि बढिरहेको छ । सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले सबै स्थानीय तहहरुले सम्पूर्ण लाभग्राहीहरुको विवरण MIS Online मा प्रविष्ट गर्नुपर्ने, कानुनबमोजिम नाम दर्ता, लगतकट्टा र नविकरण गर्नुपर्ने तथा बैंकको पहुँच भएका सबै स्थानीय तहले अनिवार्य रुपमा बैंकमार्फत वितरण गर्नुपर्दछ ।

यसरी २०४७ साल देखी नेपालमा व्यक्तिगत घटना दर्ता शुरू भएको र २०५१ साल देखि सामाजिक सुरक्षा सञ्चालन भएकोले त्यस भन्दा पछाडिको समयमा व्यक्तिगत घटना दर्ता गराउन छुट्नु भएकाहरूको लागि लक्षित गरि राष्ट्रिय परिचय पत्र तथा

पञ्जीकरण विभागद्वारा सामाजिक सुरक्षा तथा व्यक्तिगत दर्ता प्रणाली सुदृढीकरण आयोजना देश भरकै ७५३ स्थानीयतहमा कार्यन्वयन गरिरहेको छ। सोहि अनुरूप राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागले वैशाख १ देखि ७ गतेसम्म देशैभरी घटना दर्ता सप्ताह सञ्चालन गर्ने आफ्नो वार्षिक कार्यक्रममा समावेश गरेको छ। बरेङ गाउँपालिकाले घटना दर्ता सप्ताहलाई दर्ता शिविरको रुपमा मिति २०८० बैशाख २ देखि २०८० वैशाख ७ गते सम्म २ र ३ गते घटना दर्ता सम्बन्धि अभिमुखीकरण कार्यक्रम र ४ गतेदेखि ७ गतेसम्म गाउँपालिकाको ५ वटै वडामा ४ दिन दर्ता शिविर सञ्चालनको लागि सुचना प्रशारण गरिएको थियो। सोही अनुरुप बरेङ गाउँपालिकाले उल्लेखित समयमै सो कार्यक्रम सम्पन्न गरेको थियो।

उक्त दर्ता शिविर सञ्चालन गर्नको लागि बरेङ गाउँपालिका प्रमुख ज्यू, उप-प्रमुख ज्यू, गाउँपालिका प्रमुख प्रशासकिय अधिकृत ज्यू तथा सम्पुर्ण शाखाका शाखा प्रमुख ज्यू तथा कर्मचारी ज्यूहरुको साथ सहयोग तथा सुझाव निरन्तर रहिरहेको थियो। साथै गाउँपालिकाका अन्य जनप्रतिनिधि तथा वडा प्रमुख लगायत अन्य जनप्रतिनिधि ज्यूहरूको साथ सहयोग को कारण दर्ता शिविरमा दोहोरो दर्ता तथा छुट्नु भएका सेवाग्राहीहरू लाई शिविर सम्म ल्याई पुऱ्याउनको लागि उहाँहरूको अथक प्रयासलाई आभार व्यक्त गर्दै पारदर्शिका साथ अनलाईन तथा अफलाईन गरि सम्पन्न गरियो।

**मिति २०८० बैशाख २ गते धुल्लुबाँस्कोट र हुग्दिशिरमा अभिमुखीकरण एवम् प्रचार प्रसार कार्यक्रम**

बरेङ गाउँपालिका वडा नं. १ का वडा सदस्य श्री पूर्ण बहादुर थापा ज्यूको अध्यक्षतामा घटना दर्ता सप्ताह एवम् दर्ता शिविर अभिमुखीकरण र प्रचार प्रसार कार्यक्रमको उद्घाटन गरी प्रचार प्रसार शुरुवात गरिएको थियो।



**मिति २०८० बैशाख ३ गते बाटाकाचौरमा अभिमुखीकरण एवम् प्रचार प्रसार कार्यक्रम**

बरेङ गाउँपालिका वडा नं. ३ का वडा अध्यक्ष श्री शेर बहादुर खनाल क्षेत्रीज्यूको अध्यक्षतामा श्री बालविकास आधारभूत विद्यालय खाल्लेमा घटना दर्ता सप्ताह एवम् दर्ता शिविर अभिमुखीकरण र प्रचार प्रसार कार्यक्रमको उद्घाटन गरी प्रचार प्रसार शुरुवात गरिएको थियो ।



**मिति २०८० बैशाख ३ गते बाटाकाचौरमा अभिमुखीकरण एवम् प्रचार प्रसार कार्यक्रम**

बरेङ गाउँपालिका वडा नं. ३ का वडा अध्यक्ष श्री शेर बहादुर खनाल क्षेत्रीज्यूको अध्यक्षतामा श्री ज्ञानोदय आधारभूत विद्यालय बाटाकाचौरमा समेत घटना दर्ता सप्ताह एवम् दर्ता शिविर अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो ।



**मिति २०८० वैशाख ४ गते सुखौरा**

**क) शिविर स्थल : बाहुन डाँडाँ : राजन चालिसे**

**ख) शिविर स्थल : भित्रिवन र तिते: यम बहादुर थापा**

| दर्ता प्रकार | दर्ता भएको वर्ष | | | |
|---|---|---|---|---|
| | १-३५ दिन | ३६-३६५ दिन | १-१०० वर्ष | जम्मा |
| जन्म | १ | ७ | १२ | २० |
| मृत्यु | ० | १ | १ | २ |
| सम्बन्ध बिच्छेद | ० | ० | ० | ० |
| विवाह | ० | ० | ० | ० |
| बसाई सरी आएको | ० | ० | ० | ० |
| बसाई सरी जाने | १ | ० | ० | १ |
| **जम्मा** | **२** | **८** | **१३** | **२३** |





## मिति २०८० वैशाख ४ गते सल्यान स्वास्थ्यचौकी

**क) शिविर स्थल : सल्यान स्वास्थ्यचौकी : कृष्ण प्रसाद रिजाल**

**ख) शिविर स्थल : थप्लुङः राज कुमार बोहरा**

**जिल्ला :** बाग्लुङ **गा.पा/न.पा. :** वरेङ **वडा :** ४ **दर्ता मिति देखि :** २०८०-०१-०४ **दर्ता मिति सम्म :** २०८०-०१-०४ **वर्ष देखि :** ० **वर्ष सम्म :** १०० **दर्ता अन्तर :** १००

| दर्ता प्रकार | दर्ता भएको वर्ष | | | |
|---|---|---|---|---|
| | १-३५ दिन | ३६-३६५ दिन | १-१०० वर्ष | जम्मा |
| जन्म | ० | ३ | १६ | १९ |
| मृत्यु | ० | ० | ० | ० |
| सम्बन्ध बिच्छेद | ० | ० | ० | ० |
| विवाह | ० | ० | १ | १ |
| बसाई सरी आएको | १ | ० | ० | १ |
| बसाई सरी जाने | ० | ० | ० | ० |
| **जम्मा** | **१** | **३** | **१७** | **२१** |



## मिति २०८० बैशाख ५ गते बाटाकाचौर

क) **दर्ता स्थलः-** ज्ञानोदय आधारभूत विद्यालय : कृष्ण प्रसाद रिजाल

ख) **दर्ता स्थलः-** श्री बालविकास आधारभूत विद्यालय : राजन चालिसे

ग) **दर्ता स्थलः-** साग्दी : यम बहादुर थापा

घ) **दर्ता स्थल :-** बसन्त प्रावि साग्दि: राज कुमार बोहरा





**जिल्ला :** बाग्लुङ **गा.पा/न.पा. :** बरेङ **वडा :** ३ **दर्ता मिति देखि :** २०८०.०१.०५ **दर्ता मिति सम्म :** २०८०.०१.०५ **वर्ष देखि :** ० **वर्ष सम्म :** १०० **दर्ता अन्तर :** १००

| दर्ता प्रकार | दर्ता भएको वर्ष | | | |
|---|---|---|---|---|
| | १-३५ दिन | ३६-३६५ दिन | १-१०० वर्ष | जम्मा |
| जन्म | २ | ७ | ४३ | ५२ |
| मृत्यु | १ | ० | ४ | ५ |
| सम्बन्ध बिच्छेद | ० | ० | ० | ० |
| विवाह | ० | ० | ० | ० |
| बसाई सरी आएको | ० | ० | ० | ० |
| बसाई सरी जाने | १ | ० | ० | १ |
| **जम्मा** | **४** | **७** | **४७** | **५८** |

## मिति २०८० बैशाख ६ गते धुल्लुबाँस्कोट

क) **दर्ता स्थल:-** बरेङ खेल मैदान : कृष्ण प्रसाद रिजाल

ख) **दर्ता स्थल:-** मजुवा सामुदायिक भवन : राजन चालिसे

ग) **दर्ता स्थल:-** गडेल : यम बहादुर थापा

**घ) दर्ता स्थल :-** बास्कोट : राज कुमार बोहरा







**जिल्ला** : बाग्लुङ **गा.पा/न.पा.** : बरेङ **वडा** : १ **दर्ता मिति देखि** : २०८०-०१-०६ **दर्ता मिति सम्म** : २०८०-०१-०६ **वर्ष देखि** : ० **वर्ष सम्म** : १०० **दर्ता अन्तर** : १००

| दर्ता प्रकार | दर्ता भएको वर्ष | | | |
|---|---|---|---|---|
| | १-३५ दिन | ३६-३६५ दिन | १-१०० वर्ष | जम्मा |
| जन्म | ० | २ | १३ | १५ |
| मृत्यु | १ | १ | ४ | ६ |
| सम्बन्ध बिच्छेद | ० | ० | ० | ० |
| विवाह | ० | ० | ० | ० |
| बसाई सरी आएको | ० | ० | ० | ० |
| बसाई सरी जाने | ० | ० | ० | ० |
| **जम्मा** | **१** | **३** | **१७** | **२१** |

**मिति २०८० बैशाख ७ गते हुग्दिशिर**

क) **दर्ता स्थलः-** बरेङ खेल मैदान : कृष्ण प्रसाद रिजाल

ख) **दर्ता स्थलः-** बराहकोट सामुदायिक भवन : राजन चालिसे, यम बहादुर थापा

ग) **दर्ता स्थल :-** घट्ट : राज कुमार बोहरा



**जिल्ला** : बाग्लुङ **गा.पा/न.पा.** : बरेङ **वडा** : २ **दर्ता मिति देखि** : २०८०-०१-०७ **दर्ता मिति सम्म** : २०८०-०१-०७ **वर्ष देखि** : ० **वर्ष सम्म** : १०० **दर्ता अन्तर** : १००

| दर्ता प्रकार | दर्ता भएको वर्ष | | | |
|---|---|---|---|---|
| | १-३५ दिन | ३६-३६५ दिन | १-१०० वर्ष | जम्मा |
| जन्म | २ | १ | १३ | १६ |
| मृत्यु | ३ | ० | २ | ५ |
| सम्बन्ध बिच्छेद | ० | ० | ० | ० |
| विवाह | ० | ० | ३ | ३ |
| बसाई सरी आएको | ० | ० | ० | ० |
| बसाई सरी जाने | १ | ० | ० | १ |
| **जम्मा** | **६** | **१** | **१८** | **२५** |

यस बरेङ गाउँपालिका अन्तर्गत रहेका ५ वटा वडरूमा अनलाईन व्यक्तिगत घटना दर्ता तथा बैङ्किङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरण कार्य भैरहेको छ तर पनि कतिपय अवस्थामा आवश्यक नरहेको भनि घटना दर्ता नगरिरहेको अवस्था लाई ध्यानमा राखी व्यक्तिगत घटना दर्ता अभियानले नागरिकहरूमा आफ्ना व्यक्तिगत घटना दर्ता घटेको ३५ दिन भित्र निशुल्क दर्ता हुने र घटना घटेको ३५ दिन पछाडि बिलम्ब शुल्क लाग्ने जस्ता जनचेतना समुदायका नागरिकहरूमा सुचना प्रवाह गरियो ।

उक्त सुचनाले व्यक्तिगत घटना दर्ताले व्यक्तिहरूको पहिचान हुने तथा राज्यद्वारा प्रदान गरिने सेवा सुविधा प्राप्त गर्नको लागि आधारहुने छ। राज्यको तथ्याङ्कमा पारदर्शीता तथा संकलनमा सहजता हुनेछ।

सामाजिक सुरक्षाको लागि नेपाल सरकारद्वारा जारी गरिएको लक्षित समुह र उप-समुहहरू लाई सामाजिक सुरक्षा भत्ता वितरण कार्य गरिरहेको छ। उक्त शिविरमा पनि सामाजिक सुरक्षा निवेदन संकलन गरि MIS प्रणालीमा प्रविष्ट गरि नेपाल सरकारले उपलब्ध गराई रहेको सामाजिक सुरक्षा भत्ता पाउनुपर्ने व्यक्तिहरूलाई राज्य द्वारा उपलब्ध गराउने सेवा सुविधा जनसमुदायमा पुऱ्याउन यस शिविरले सहयोग पुऱ्याएको छ।